नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)

०९१-५२११०१, ५२६४३५
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
धनगढी,कैलाली

प.सं. ०८१।८२
च.नं. १२४६

मिति:- २०८१।०५।३१
ने.सं. : ११४४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

विषयः संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने बारे।

श्री स्थानीय तह सवै, कैलाली ।
श्री सरकारी कार्यालय सवै, कैलाली ।
श्री संस्थान सवै, कैलाली ।
श्री गैह सरकारी संस्था सवै, कैलाली ।

प्रस्तुत विषयमा सदाझैं संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ (असोज २, ३ र ४ गते तीन दिनसम्म) भव्यताका साथ मनाउने सम्वन्धमा श्री गृह मन्त्रालय, मूल समारोह समितिको सचिवालय, सिंहदरवार काठमाडौंको प.सं. संविधान दिवस-२०८१, च.नं.१०८, मिति २०८१/०५/११ गतेको प्राप्त पत्रको छाँयाप्रति पाना थान-२ (दुई) यसै पत्रसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रवाटै अवगत गर्नुभई तहाँ स्थानीय तह/ कार्यालय/संघ-संस्थाहरुवाट समेत सोही बमोजिमका सम्बद्ध कार्यक्रमहरु सहित दिवस मनाउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

२०८१/०५/३१
निता धामी
प्रशासकीय अधिकृत

श्री प्रशासन / सूचना प्रविधि शाखा
सबै वडा कार्यालयहरु लगायत सम्बन्धितलाई जानकारी गराउने / वेब साइटमा अपलोड गर्ने र समन्वय गरी आ.का. गर्ने
2081.05.31

गौरीगंगा नगरपालिका
दर्ता नं. 2906
मिति 5।39

24 5:06 PM

Scan_20240827_(4).jpg (1600×2282)

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

पत्र संख्या: संविधान दिवस - २०८१

चलानी पत्र संख्या र मिति:-

१०८

च.नं. -

सिंहदरबार,

काठमाडौं, नेपाल।

मिति: २०८१।५।११

ने.स. ११४४

श्री जिल्ला प्रशासन कार्यालय, सबै।

विषय : संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने सम्वन्धमा ।

सदाझैं संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ (असोज २, ३ र ४ गते तीन दिनसम्म) नेपाल राज्यभर र विदेशस्थित कुटनीतिक नियोगहरुमा समेत भव्यतासाथ मनाउने सन्दर्भमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०८१।५।९ गते आइतवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकवाट अनुमोदित तपसिल वमोजिमका कार्यक्रमसहित दिवस मनाउने व्यवस्था मिलाउनुहुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. असोज २, ३ र ४ गते तीन दिनसम्म जिल्लास्थित सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ सम्पूर्ण कार्यालयहरूमा दीप प्रज्ज्वलन गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने ।

२. माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वको प्रदेशस्तरीय संविधान दिवस तथा राष्ट्रिय दिवस समारोह समिति, जिल्ला समन्वय प्रमुख संयोजकत्वको संविधान दिवस तथा राष्ट्रिय दिवस जिल्लास्तरीय कार्यक्रम आयोजक समिति र स्थानीय पालिका प्रमुखको संयोजकत्वको संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम आयोजक समिति द्वारा सञ्चालन हुने कार्यक्रमहरुमा आवश्यक समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था मिलाउने।

३. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा स्वास्थ्य सेवा सम्बद्ध सरकारी, गैह सरकारी तथा सामुदायिक संघ-संस्थाद्वारा रक्तदान, स्वास्थ्य सचेतनामूलक कार्यक्रम एवम् स्थानीय तह र शिक्षा सम्बद्ध निकाय तथा संघ-संस्थाद्वारा फरक क्षमताका विद्यार्थीहरूका लागि हितकर शैक्षिक तथा खेलकुद सामग्री वितरण लगायतका कार्यक्रम आयोजना गर्न प्रोत्साहन, सहजीकरण र समुचित समन्वय गर्ने ।

४. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमवाट संविधान दिवस तथा राष्ट्रिय दिवससँग सम्वन्धित विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायतका सन्देशमूलक तथा जनचेतनामूलक कार्यक्रमहरूको प्रसारण/प्रकाशन गर्ने, गराउने व्यवस्था मिलाउने।

५. उपयुक्त स्थान पहिचान गरी जिल्ला वन कार्यालयको सहयोग एवम् समन्वयमा स्थानीय तह तथा सरकारी कार्यालयहरूवाट वृक्षारोपणका कार्यक्रम आयोजना गर्न आवश्यक सहजीकरण गर्ने।

६. सबै सरकारी निकायहरूका वेभसाइटहरूमा संविधान दिवस तथा राष्ट्रिय दिवस भव्यरुपले मनाउने सम्वन्धी पपअप आउने व्यवस्था मिलाउने।

Scan_20240827_2_(4).jpg (1600×2285)

नेपाल सरकार
# गृह मन्त्रालय
(मूल समारोह समितिको सचिवालय)

पत्र संख्या: संविधान दिवस - २०८१
प्राप्त पत्र संख्या र मिति:-
च.नं. - १०८

सिंहदरबार,
काठमाडौं, नेपाल।

७. ऐतिहासिक आन्दोलनहरूका सहिद परिवार तथा घाइतेहरूलाई स्थानीय तहहरूको सहयोग तथा समन्वयमा हुने सम्मान कार्यक्रममा आवश्यक सहजीकरण गर्ने।

८. आम नागरिकहरूलाई तीनै दिन आ-आफ्नो घरको छत, बरण्डामा राष्ट्रिय झन्डा सजाउन र दिपावली गर्न आव्हान गर्ने।

९. सार्वजनिक सवारी साधनहरूमा तीनै दिन राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने।

१०. सम्भाव्य फराकिला चोकहरुमा वृहत् जनसहभागितासहित आयोजना हुने राष्ट्रिय गीतहरुको कार्यक्रम (National Day Concert) मा आवश्यक सहजीकरण गर्ने।

११. विद्यालय, कलेज तथा विश्वविद्यालयमा नेपालको संविधान, संविधान दिवस तथा राष्ट्रिय दिवस र नेपालको राष्ट्रिय झन्डा लगायतको राष्ट्रभक्तिको विषयमा कविता, वक्तृत्वकला र हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने।

१२. दिवस अवधिभर जिल्लामा रहेका सार्वजनिक महत्त्वका स्थानहरू, सामाजिक-सांस्कृतिक तथा ऐतिहासिक पूरातात्त्विक महत्त्वका सम्पदास्थलहरूको सरसफाइसहित परिसर एवम् संभाव्य स्थलहरूमा निर्वाचित जनप्रतिनिधि, स्थानीय समाजसेवी, राष्ट्रसेवक कर्मचारी एवम् सुरक्षाकर्मीहरू समेतको सामुहिक सहभागितामा साँझ दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

१३. जिल्लामा आयोजना तथा सञ्चालन भएका दिवस सम्वद्ध कार्यक्रमहरूको संक्षिप्त विवरण मन्त्रालयको ईमेल ठेगाना officemanagementmoha@gmail.com मा संप्रेषण गर्ने।

(विश्वराज न्यौपाने)
उपसचिव

सादर अवगतार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।
माननीय गृह मन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय।
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।